आज मिति २०७७ साल कार्तिक २४ गते सोमबारका दिन बिहान ११:०० बजे गाउँपालिकाको सभा हलमा यस तीनपाटन गाउँपालिकाका अध्यक्ष श्री कर्ण बहादुर मगरको अध्यक्षतामा बसेको गाउँ कार्यपालिकाको बैठकमा देहाय बमोजिमको उपस्थितिमा तपसिलका प्रस्तावहरुमाथि छलफल गरी निर्णय गरियो ।

**उपस्थिति**

| सि.नं. | पदाधिकारीका नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री कर्ण बहादुर मगर | अध्यक्ष | |
| २. | श्री पदम माया तामाङ | उपाध्यक्ष | |
| ३. | श्री विष्णु प्रसाद सुवेदी | प्रमुख प्रशासकीय अधिकृत | |
| ४. | श्री गोबिन्द बहादुर राउत | कार्यपालिका सदस्य | |
| ५. | श्री हेम बहादुर श्रेष्ठ | कार्यपालिका सदस्य | |
| ६. | श्री लाल बहादुर स्याङ्तान | कार्यपालिका सदस्य | — |
| ७. | श्री खड्ग बहादुर भुजेल | कार्यपालिका सदस्य | — |
| ८. | श्री दिनेश कुमार रमौली | कार्यपालिका सदस्य | |
| ९. | श्री वीर बहादुर पुलामी | कार्यपालिका सदस्य | — |
| १०. | श्री कोमल बहादुर खपाङ्गी | कार्यपालिका सदस्य | |
| ११. | श्री रेखराज अधिकारी | कार्यपालिका सदस्य | |
| १२. | श्री शेर बहादुर मगर | कार्यपालिका सदस्य | |
| १३. | श्री पुण्यहरि भुजेल | कार्यपालिका सदस्य | |
| १४. | श्री हितलाल श्रेष्ठ | कार्यपालिका सदस्य | |
| १५. | श्री जगदिश्वर तोलाङ्गी | कार्यपालिका सदस्य | |
| १६. | श्री दुधकुमारी ठकुरी | कार्यपालिका सदस्य | |
| १७. | श्री देवमाया श्रेष्ठ | कार्यपालिका सदस्य | |
| १८. | श्री भगवतिकुमारी श्रेष्ठ | कार्यपालिका सदस्य | |
| १९. | श्री गीतामाया थापा | कार्यपालिका सदस्य | |
| २०. | श्री टेक बहादुर परियार | कार्यपालिका सदस्य | — |

सहजकर्ता : श्री जितेन्द्र गिरी अधिकृत छैठौं
श्री पदम ब. तामाङ कि.स.
: श्री पवित्रा थापा "
श्री विमलराज काफ्ले "

**प्रस्तावहरु:**

१. तीनपाटन गाउँपालिकाको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७७ सम्बन्धमा ।

२. उपाध्यक्ष प्राविधिक शिक्षा छात्रवृत्ति कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ सम्बन्धमा ।

३. उपाध्यक्ष ईन्टर्नसिप कार्यक्रम कार्यन्वयन कार्यविधि, २०७७ सम्बन्धमा ।

४. हिउँदे मकैको बीउ सम्बन्धमा ।

५. सङ्घीय सरकारको सशर्त कार्यक्रम अन्तर्गत कृषि तथा पशुको पकेट लगायतका कार्यक्रम सञ्चालन सम्बन्धमा ।

६. ऐलानी जग्गा संरक्षण तथा व्यवस्थापन सम्बन्धमा ।

७. कक्षा ११ सञ्चालन अनुमति प्रदान सम्बन्धमा ।

८. जनशक्ति भर्नाको लागि परीक्षा सञ्चालन सम्बन्धमा ।

९. सञ्चार सुविधा सम्बन्धमा ।

१०. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सूचीकृत बेरोजगारहरुको नामावली प्रमाणिकरण गर्ने सम्बन्धमा

११. उद्यम विकास सहजकर्ताको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।

१२. राष्ट्रिय परिचयपत्र दर्ता स्टेसन निर्धारण गर्ने सम्बन्धमा ।

१३. 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र पत्र प्रदान गर्ने सम्बन्धमा ।

१४. लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) कार्यविधि, २०७७ सम्बन्धमा ।

१५. अनुदानको कृषि मल वितरण निर्देशिका र अन्तर्गत समितिको निर्णय अनुमोदन गर्ने सम्बन्धमा ।

१६. गाउँपालिका स्तरिय संरक्षण विषयगत क्षेत्र समन्वय समिति गठन सम्बन्धमा ।

१७. प्राविधिक समिति गठन गर्ने सम्बन्धमा ।

**निर्णयहरु:**

१. तीनपाटन गाउँपालिकाको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७७ लाई आगामी कार्यपालिका बैठकमा सुझाव सहित पेश गर्ने ।

२. उपाध्यक्ष प्राविधिक शिक्षा छात्रवृत्ति कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ लाई आगामी कार्यपालिका बैठकमा सुझाव सहित पेश गर्ने ।

३. उपाध्यक्ष ईन्टर्नसिप कार्यक्रम कार्यन्वयन कार्यविधि, २०७७ लाई आगामी कार्यपालिका बैठकमा सुझाव सहित पेश गर्ने ।

४. तीनपाटन गाउँपालिकाको आ.व.०७७/७८ का लागि स्वीकृत बजेट बमोजिमको मकै बाली प्रवर्द्धन कार्यक्रम अन्तर्गत हिउँदे बालीको निमित्त आवश्यक हाइब्रिड मकै बीउ वितरण गर्ने ।

देवमाया

५. सङ्घीय सरकारबाट प्राप्त निर्देशिका बमोजिम कृषि तथा पशु सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्न आवश्यक निम्न बमोजिम गर्ने ।

(क) सङ्घीय सरकारको सशर्त अनुदान अन्तर्गत कृषि पकेट कार्यक्रमको लागि आलु, अदुवा र तरकारी बाली तोकी सूचना प्रकाशन गर्ने र कृषकहरुको आवेदनहरुमाथि आगामी कार्यपालिका बैठकमा छलफल गरी क्षेत्र/स्थान तोक्ने निर्णय गर्ने ।

(ख) सङ्घीय सरकारको सशर्त अनुदान अन्तर्गत मकै उत्पादन प्रवर्द्धन कार्यक्रमको लागि सूचना प्रकाशन गर्ने ।

(ग) पशु तर्फको सशर्त अनुदानको पकेट लगायतका कार्यक्रमको लागि सूचना प्रकाशित गर्ने ।

६. श्री आधारभूत विद्यालय, नौमुरे, बगैंचा वरपरको ऐलानी जग्गा संरक्षण तथा व्यवस्थापन गर्नको लागि छिमेकी वडासँगको समन्वय गर्ने ।

७. हिराथुम्की मा.वि.तोस्रामखोलालाई शिक्षा ऐन, नियमावली बमोजिम पूर्ण मा.वि.कक्षा ११ सञ्चालन गर्न अनुमति प्रदान गर्ने ।

८. गाउँसभाबाट निर्णय भएबमोजिम गाउँपालिकाको लागि कृषि अधिकृत (प्राविधिक) को सट्टा चौथो तहको थप दुई जना गरी जम्मा तीन जना र पशु तर्फ चौथो तहको थप एक जना गरी दुई जना र अन्यको हकमा यसअघिको गाउँपालिकाको निर्णयानुसार जनशक्ति भर्ना गर्न परीक्षा सञ्चालन गर्ने । साथै नियुक्त हुने कर्मचारीलाई मासिक पारिश्रमिक निम्न बमोजिमको भुक्तानी हुने ।

चौथो तहको कर्मचारीका लागि रु.१८०००/- (अठार हजार)
गाउँ प्रहरी (हवल्दार) रु. १८०००/- (अठार हजार)
गाउँ प्रहरी (प्रहरी) रु. १५०००/- (पन्ध्र हजार)
कार्यालय सहयोगिको लागि रु.१२०००/- (बाह्र हजार)

९. तीनपाटन गाउँपालिकाको खर्च सम्बन्धी मापदण्ड, २०७६ अन्तर्गत सञ्चार सुविधा सम्बन्धमा देहाय बमोजिम थप गर्ने ।

१६.(१) कार्यालयको दैनिक कार्य सञ्चालन गर्ने सिलसिलामा कर्मचारी तथा सेवाग्राहीहरुलाई सूचना प्रवाह गर्नुपर्ने, जनसम्पर्क गर्नुपर्ने तथा बैठक आह्वान गर्नुपर्ने भएको तथा यस तीनपाटन गाउँपालिकाको कार्यालयमा ल्याण्डलाईन टेलिफोनको व्यवस्था नभएकोले सम्बन्धित शाखा तथा कर्मचारीको कामको प्रकृति, जिम्मेवारी र आवश्यकताका आधारमा निम्नबमोजिम तोकिएको शाखाको प्रमुख तथा सहायक कर्मचारीलाई मासिक रुपमा सञ्चार सुविधा उपलब्ध गराइनेछ ।

प्रमुख प्रशासकीय अधिकृत – रु.१०००/- (एक हजार)

विषयगत शाखा - शिक्षा-१, स्वास्थ्य-१, पूर्वाधार शाखा-१, आर्थिक प्रशासन शाखा-१, कर्मचारी प्रशासन शाखा-१ र सूचना अधिकारी-१ – रु.६००/- (छ सय)

आयुर्वेद, कृषि, पशु – रु.५००/- (पाँच सय)

योजना, सामाजिक सुरक्षा तथा पञ्जीकरण, न्यायिक इकाई, लेखापाल, स्वास्थ्य सह-संयोजक, सूचना प्रविधि, वडा सचिव – रु.३००/- (तीन सय)

१०. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रोजगार सेवा केन्द्रमा सूचीकृत भएका बेरोजगारहरुको नामावली प्रमाणिकरण गर्ने ।

११. उद्यम विकास सहजकर्ता-२ को पारिश्रमिक गरिबी निवारणका लागि लघु उद्यम विकास सञ्चालन निर्देशिका, २०७७ को अनुसूची-३ बमोजिमको प्रतिशत अन्तर्गतले हुने रकमबाट निम्न बमोजिम मासिक तलब भुक्तानी हुने ।

पाँचौं तहको लागि रु.२२, ०००/- .(बाइस हजार)

चौथो तहको लागि रु.२०,०००/- (बिस हजार)

१२. राष्ट्रिय परिचयपत्र कार्यक्रम सञ्चालनका लागि प्रत्येक वडामा वडा केन्द्र बाहेक थप निम्न बमोजिम दर्ता स्टेसन निर्धारण गर्ने ।

वडा नं. १ मा मा.वि. छर्छरे

वडा नं. २ मा हिलेपानी मा.वि.

वडा नं. ३ मा सम्पर्क कार्यालय जोगे

वडा नं. ४ मा

वडा नं. ५ मा आ.वि. नर्कटे

वडा नं. ६ मा स्वास्थ्य चौकी विजयपुर

वडा नं. ७ मा नि.मा.वि. तिखेढुङ्गा

वडा नं. ८ मा महभिर मा.वि.

वडा नं. ९ मा मा.वि. रिट्ठे र मा.वि. बतासे (उपकेन्द्र)

वडा नं. १० मा स्वास्थ्य चौकी लंगुरखोला

वडा नं. ११ मा मा.वि. स्याङ्ती

१३. निम्न बमोजिमका निर्माण व्यवसायीलाई 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्रदान गर्ने ।

(क) सोन गोर्फु एण्ड सन्स, तीनपाटन-१, सिन्धुली ।

(ख) साउथ पोइन्ट कन्स्ट्रक्सन प्रा.लि., तीनपाटन-१, सिन्धुली ।

१४. लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) कार्यविधि, २०७७ लाई आगामी कार्यपालिका बैठकमा सुझाव सहित पेश गर्ने ।

१५. अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका, २०७७ र सो अन्तर्गत बनेको स्थानीय मल वितरण समितिको निर्णय अनुमोदन गर्ने ।

१७. महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले तोके बमोजिम गाउँपालिका स्तरिय संरक्षण विषयगत क्षेत्र समन्वय समिति गठन गर्ने ।

१८. प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन जाँचबुझ गर्नकोलागी ३ (तिन) सदस्यीय प्राविधिक समिति गठन गर्ने।